प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

कर्णाली प्रदेश, सुर्खेत ।

पत्र संङ्ख्या :२०७६/०७७

मिति:२०७६।०९।२९

चलानी नं:

## कर्णाली प्रदेश विकास परिषद्को बैठक सम्बन्धी सूचना !!!

कर्णाली प्रदेश योजना आयोगको मिति २०७६/०९/२८ गते बसेको बैठकले "कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ को दफा ७ को प्रावधान बमोजिम व्यवस्था भएको प्रदेश विकास परिषद्को पहिलो बैठक प्रदेशको प्रथम आवधिक योजना समेतका विषयमा छलफल गरी मार्गदर्शन प्राप्त गर्न देहायको मिति, समय र स्थानमा गर्ने" निर्णय गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दै तपशिल बमोजिमका पदाधिकारी महानुभावहरुलाई सो बैठकमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ । साथै आमन्त्रण पत्र सम्बन्धित विद्युतीय ठेगानामा पठाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

कार्यक्रमको मिति, समय र स्थान

१. मितिः २०७६/१०/१० गते
२. समयः विहान ८:०० बजे
३. स्थानः शुभ होटल, वीरेन्द्रनगर, सुर्खेत ।

प्रदेश विकास परिषद्का पदाधिकारीहरु

| | | | |
|---|---|---|---|
| (क) | मुख्यमन्त्री | - | अध्यक्ष |
| (ख) | मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | - | सह-अध्यक्ष |
| (ग) | प्रदेश सरकारका विभागीय मन्त्रीहरु | - | सदस्य |
| (घ) | कर्णाली प्रदेश योजना आयोगको उपाध्यक्ष | - | सदस्य |
| (ङ) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता | - | सदस्य |
| (च) | प्रदेश सभाका समितिका अध्यक्षहरु | - | सदस्य |
| (छ) | कर्णाली प्रदेश योजना आयोगका सदस्यहरु | - | सदस्य |
| (ज) | जिल्ला समन्वय समितिका प्रमुखहरु | - | सदस्य |
| (झ) | नगरपालिकाका प्रमुखहरु | - | सदस्य |
| (ञ) | गाउँपालिकाका अध्यक्षहरु | - | सदस्य |
| (ट) | प्रदेश सरकारबाट मनोनित ५ जना सदस्यहरु | - | सदस्य |
| (ठ) | प्रदेश सरकारका सचिवहरु | - | सदस्य |
| (ड) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - | सदस्य-सचिव |